## निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'शैक्षिक सत्र २०७९ को पठनपाठन सञ्चालनको समीक्षा सम्बन्धमा'** छलफल गर्दा विक्रेताहरूले अपेक्षाकृत रूपमा समयमै पाठ्यपुस्तक विद्यालयमा पुऱ्याउन नसकेको पाइयो । सबै कक्षा र विषयका झन्डै ७५% प्रतिशत विद्यार्थीको हातमा पाठ्यपुस्तक पुगेको निष्कर्ष प्रस्तुत गरियो । समयमै पाठ्यपुस्तक नपुगेको, स्थानीय तह निर्वाचन तथा शिक्षक सेवा आयोगको परीक्षा लगायतका कारण पठनपाठनमा भएको क्षतिलाई अतिरिक्त कक्षाको व्यवस्था मिलाइ क्षतिपूर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा'** छलफल गर्दा शिक्षक सेवा आयोग नियमावली २०५७ नियम ३२ घ को उपनियम (७) बमोजिम शैक्षिक सत्र सुरु भएको ३० दिनभित्र कार्यसम्पादन मूल्याङ्कन फाराम भरी विद्यालयमा दर्ता गर्नुपर्ने प्रावधान बमोजिम रितपूर्वक दर्ता भएका शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम नियमानुसार शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ **'प्रधानाध्यापक र शिक्षकको करार सम्झौता र विद्यार्थी लक्ष्य निर्धारण सम्बन्धमा'** छलफल गर्दा सिकाइ उपलब्धी अभिवृद्धि तथा शैक्षिक लगानीलाई परिणामुखी बनाउन तपसिलबमोजिम प्रधानाध्यापक र शिक्षकको करार सम्झौता र विद्यार्थी लक्ष्य निर्धारण गर्ने निर्णय गरियो ।

**तपसिल**

- शिक्षा, युवा तथा खेलकुद शाखासँग प्रधानाध्यापकहरूले करार सम्झौता नवीकरण गर्ने ।
- विषयगत सिकाइ उपलब्धीसहित आवश्यक पक्ष उल्लेख गरी प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता गर्ने ।
- विषय शिक्षकले अभिभावकको रोहवरमा विद्यार्थीसँग अघिल्लो सिकाइ उपलब्धी वृद्धि हुने गरी स्वच्छिक रूपमा लक्ष्य निर्धारण गरी नतिजामुखी बनाउने ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'अनुगमन तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउने सम्बन्धमा'** छलफल गर्दा शिक्षक पेसागत सहयोग तथा प्रशासनिक पक्षको सुदृढीकरणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र उपयुक्त

शेरप्रसाद ढकाल
शिक्षा अधिकृत

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

अन्य सरोकारवाला पक्षमार्फत विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई तीव्र, नियमित, व्यवस्थित र परिणाममुखी बनाउन थप जिम्मेवार भइ कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ :** प्रस्ताव नं. ५ **'शैक्षिक क्यालेन्डरको प्रयोग सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा, युवा तथा खेलुकद शाखाले तयार गरेको शैक्षिक क्यालेन्डर बमोजिम मासिक रूपमा विषयको पाठगत सिकाइ लक्ष्यको अनिवार्य कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ **'शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नालाई IEMS मा प्रविष्टी गर्ने सम्बन्धमा'** छलफल गर्दा शैक्षिक सत्र २०७९ को लागि नि:शुल्क पाठ्यपुस्तकको अपुग रकम र छात्रवृत्ति प्रदानका लागि तत्काल विद्यार्थी सङ्ख्या IEMIS मार्फत् एकीन गर्नुपर्ने भएकोले २०७९ असार ८ गते बुधबारभित्र अपलोड गर्ने र तोकिएको समयभित्र IEMIS मा विद्यार्थी भर्ना विवरण अपलोड नगरेमा अपुग पाठ्यपुस्तक रकम र छात्रवृत्तिको रकमका लागि प्रधानाध्यापक स्वयं जिम्मेवार हुने निर्णय गरियो।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ **'शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमका लागि सुझाव सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम र बजेटको तयारीमा रहेकोले शिक्षा, युवा तथा खेलकुदसँग सम्बन्धित नीति तथा कार्यक्रमका लागि प्रधानाध्यापकज्यूहरूले लिखित रूपमा पेस गर्नुभएका सान्दर्भिक सुझावहरू शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत् पठाउने निर्णय गरियो।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ **'जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा विद्यार्थी सहभागिता सम्बन्धमा'** छलफल गर्दा जिल्ला खेलकुद विकास समितिको पत्रानुसार २०७९ असार ६ गतेदेखि ८ गतेसम्म आठबीसकोट नगरपालिका रुकुम (पश्चिम) मा सञ्चालन हुने जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा यस चौरजहारी नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्डमा उत्कृष्ट भएका छात्रछात्राहरूलाई सम्बन्धित विद्यालयले चौरजहारी नगरपालिका खेलुकद विकास समितिसँग समन्वय गरी सहभागी बनाउने र प्रतियोगितामा सहभागी हुनजाँदा लाग्ने खर्च चौरजहारी नगरपालिकाको कार्यालयबाट व्यवस्था हुने जानकारी गरेको निर्णय गरियो।

२०७९/३/२

शेरप्रसाद ढकाल
शिक्षा अधिकृत

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ **'शैक्षिक सत्र, २०७८ को सिकाइ उपलब्धी सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक र संस्थागत सबै विद्यालयहरूले तोकिएको ढाँचामा शैक्षिक सत्र २०७८ को सिकाइ उपलब्धि मिति २०७९ असार १० गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :** प्रस्ताव नं. १० **'प्रधानाध्यापक बैठकमा नियमित उपस्थित हुने सम्बन्धमा'** छलफल गर्दा चौरजहारी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले आयोजना गरेको प्रधनाध्यापक बैठकमा मासिक प्रगति प्रतिवेदन सहित अनिवार्य उपस्थित हुने र उचित कारणबिना बैठकमा अनुपस्थित भएमा रु. ५०० जरिवाना गर्ने यस अघिको निर्णयलाई कडाइपूर्वक कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** : प्रस्ताव नं. ११ **'कार्यक्रम कार्यान्वयन सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग सम्झौता भएका र छनोट भइ सम्झौता हुन बाँकी कार्यक्रम तत्काल सम्झौता गरी भुक्तानीका लागि आवश्यक कागजातहरू अनिवार्य रुपमा २०७९ असार १८ गतेभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं १२:** प्रस्ताव नं १२ **'विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा पदावधि समाप्त भएका तथा अस्थाई रुपमा गठन भएका विद्यालय व्यवस्थापन समितिका गठन प्रक्रिया यथाशीघ्र थाली विद्यालय व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३** : प्रस्ताव नं १३ **'शिक्षक तथा कर्मचारीको पोशाक सम्बन्धमा'** छलफल गर्दा यस नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले नेपाल सरकारले तोकेको पोशाक यथाशीघ्र कार्यान्वयन गरी कार्यालय समयमा प्रयोग गर्ने निर्णय गरियो ।

**आजको बैठक शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**

२०७९।३।२

शेरप्रसाद ढकाल
शिक्षा अधिकृत